# नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर असोज-कात्तिक, २०७४ | FNJ Newsletter Oct-Nov, 2017





उद्घाटन समारोहमा शुभकामना दिनुहुँदै व्यवस्थापिका संसद् सभामुख ओनसरी घर्ती मगर।

# अन्तर्राष्ट्रिय मिडिया सम्मेलन सम्पन्न

## सात बुँदे काठमाडौं घोषणापत्र जारी

**अभिव्यक्ति** स्वतन्त्रताको प्रवर्द्धन र मिडियामा सीमान्तकृत समुदायको आवाज विषयक अन्तर्राष्ट्रिय मिडिया सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ। नेपाल पत्रकार महासंघ र इन्टरनेशनल अलर्टले असोज २३ र २४ गते आयोजना गरेको सम्मेलनले सात बुँदे घोषणापत्र जारी गरेको छ।

सम्मेलनमा कठिन अवस्थामा रिपोर्टिङ, पत्रकारको सुरक्षा, सेल्फसेन्सरसीप, अल्टरनेटिभ मिडियामा विभिन्न समुदायको आवाज, मिडियामा महिला, सम्पादकीय स्वतन्त्रता, समावेशी मिडिया, मिडिया र प्राकृतिक विपद्लगायतका विषयका विविध आयामबारे

**नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र बेलायतका पत्रकार तथा सञ्चारकर्मीहरूको सहभागितामा २३ र २४ असोज, २०७४ मा काठमाडौंमा आयोजित अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन र मिडियामा सीमान्तकृत आवाजका लागि अन्तर्राष्ट्रिय सम्मेलनले दक्षिण एसियाली क्षेत्रमा पत्रकार तथा सञ्चार क्षेत्रका विभिन्न मुद्दाहरूका बारेमा गहन छलफल गऱ्यो। मिडयाको स्वतन्त्रता र मिडियामा सीमान्तकृत आवाजहरूको विषयमा दुई दिनसम्मको अन्तर्क्रियापछि सम्मेलन निम्न घोषणा गर्दछ :**

१. दक्षिण एसियाली क्षेत्रमा व्यापारी तथा राजनीतिकर्मी लगायतका समूहरूको विभिन्न स्वार्थ तथा पत्रकार र मिडिया स्वयंमा पनि दलगत तथा विचारगत रूपमा विभाजित रहेकाले पत्रकार र सञ्चार जगतले स्वतन्त्ररूपमा काम गर्न सक्ने सहज वातावरण नभएको र यसका कारण स्वनियन्त्रणको अवस्थामा वृद्धि भएको कुरामा सम्मेलन एकमत

छ। हामी क्षेत्रीय रुपमा बढीभन्दा बढी समन्वय र सहकार्यमार्फत यस्तो अवस्थामा सुधार ल्याउनका लागि कटिबद्ध छौं।

२. प्रेस स्वतन्त्रताका विषयमा स्पष्ट संवैधानिक प्रावधानहरूको स्वागत गर्दै सरकार र राजनीतिक शक्तिहरुद्वारा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नीतिगत र व्यवहारिक रूपमा कुण्ठित गर्न भइरहेका प्रयासहरूप्रति सम्मेलनको गम्भीर ध्यानाकर्षण भएको छ र आपसी सहयोगमार्फत साझा मुद्दाहरूमा एकतावद्ध भई यसकाविरुद्ध अभियान चलाउन हामी सहमत भएका छौं।

३. आवाजविहीनहरुका आवाजलाई मिडियामा सुनिश्चित गर्नका लागि साना तथा स्थानीय मिडिया, विशेषगरी इन्टरनेट तथा नयाँ प्रविधिमा आधारित मिडियाहरूलाई स्वतन्त्र रूपमा सञ्चालन गर्नका लागि सहज वातावरण निर्माण गर्न सम्मेलन यस क्षेत्रका सबै सरकारहरूसँग अपील गर्दछ।

४. सम्मेलन यस क्षेत्रका देशहरुमा समाचार कक्ष तथा मिडियाको विषयवस्तुमा समावेशीकरण नभएको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै समाचार कक्ष र मिडियाका विषयवस्तुलाई बढीभन्दा बढी समावेशी बनाउन सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

५. सम्मेलनले दक्षिण एसियाका मिडियाहरूमा ठूला व्यापारीहरूको नियन्त्रणका कारण सम्पादकीय स्वतन्त्रता संकुचित भएको र आफूलाई बचाई राख्ने नाममा मिडियाले पनि व्यापारीहरूकै स्वार्थमा काम गर्ने गरेको निष्कर्ष निकालेको छ। यो सम्मेलन सञ्चारगृहहरूलाई मिडियाको स्वतन्त्रताको सम्मान र प्रवर्द्धनबाट मात्रै उनीहरूको अस्तित्व कायम रहने कुराप्रति सचेत गराउँदै यसका लागि यस क्षेत्रका पत्रकार तथा मिडिया जगतले स्पष्ट नीतिका साथ संयुक्तरूपमा काम गर्नुपर्नेप्रति ध्यानाकर्षण गराउँछ।

६. यो सम्मेलन विपद्को अवस्थामा पत्रकार, मिडिया पूर्वाधार तथा उपकरणहरूको सुरक्षाका लागि बलियो संयन्त्र निर्माण गर्ने दिशामा ठोस कदम चाल्न, वैकल्पिक व्यवस्थाका रूपमा विपद् पूर्वतयारी निर्देशिका तयार गर्न, स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालहरूसँग समन्वय गर्दै पत्रकार तथा मिडियाको भौतिक सुरक्षा तथा विपद्का समयमा रिपोर्टिङका लागि आफ्नो व्यावसायिक सीप विकास गर्न ठोस योजना निर्माण गर्ने प्रण गर्दछ।

७. सम्मेलनले सञ्चारगृह तथा सञ्चारकर्मीहरूले लिङ्ग, वर्ग, समुदाय, शारीरिक अवस्था तथा धर्मका आधारमा हुने विभेद्हरूका विरुद्ध आफ्नो गैरविभेदकारी नीतिको सम्मान गर्दै समाचार कक्ष र मिडियाका विषयवस्तुलाई समावेशी र समतामूलक बनाउनु पर्ने निर्णय गरेको छ।

छलफल भएको थियो। व्यवस्थापिका संसद्का सभामुख ओनसरी घर्तिमगरले उद्घाटन गर्नु भएको सम्मेलनमा पत्रकार, नीति निर्माता, प्राज्ञिक क्षेत्र, सरकारी अधिकारी, विकास साझेदार, नागरिक समुदायलगायतको सहभागिता थियो। कार्यक्रममा भारत, बंगलादेश, पाकिस्तान, बेलायतलगायतका देशका पत्रकार तथा विज्ञको पनि सहभागिता रहेको थियो।

# बाढी पीडित पत्रकारलाई वैदेशिक शाखाको सहयोग

**नेपाल** पत्रकार महासंघ कुवेत शाखाले बाढीपीडित पत्रकारको सहयोगका लागि रु. पच्चीस हजार सहयोग प्रदान गरेको छ। नेपाल पत्रकार महासंघमा असोज ३० गते कुवेत शाखाका अध्यक्ष हरिकृष्ण न्यौपानेले सो रकम नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टलाई हस्तान्तरण गर्नु भएको हो।

यसैगरी नेपाल पत्रकार महासंघ युएई शाखाबाट बाढीपीडित पत्रकारका लागि ७७ हजार ७ सय ५७ रुपियाँ र महासंघ कोरिया शाखाबाट २५ हजार रुपियाँ सहयोग महासंघमा प्राप्त भएको छ।

महासचिव विष्टले सहयोग गर्ने शाखालाई धन्यबाद दिनुका साथै सो रकम बाढीबाट प्रभावित मधेसका जिल्लाहरूमा सहयोग गरिने बताउनु भयो।



महासंघका महासचिव रमेश विष्टलाई रकम हस्तान्तरण गर्दै कुवेत शाखाका अध्यक्ष हरिकृष्ण न्यौपाने।

# अन्तर्राष्ट्रिय मिडिया सम्मेलनका झलक



१

१. प्रतिकूल अवस्थामा हुने रिपोर्टिङ तथा चुनौती न्यूनीकरण सम्बन्धी छलफल चलाउँदै महासंघका महासचिव रमेश विष्ट।
२. सम्मेलनका सहभागी
३. छलफलमा भाग लिदै सम्मेलनका सहभागी।
४. सम्मेलनमा सहभागी विदेशी प्रतिनिधि।
५. प्राकृतिक विपत्ति र पत्रकार सुरक्षाका विषयमा अनुभव सुनाउँदै पत्रकार नरेन्द्र श्रेष्ठ।
६. पत्रकार महिलाको मिडियामा सहभागितासम्बन्धी छलफल कार्यक्रम सञ्चालन गर्दै महासंघका पूर्व अध्यक्ष डा. महेन्द्र विष्ट।
७. सञ्चारमा लागानी र सम्पादकीय स्वतन्त्रता सम्बन्धी छलफलका सम्मेलनका वक्ताहरू।
८. वैकल्पिक मिडिया तथा नयाँ प्रविधि शीर्षकमा छलफल चलाउँदै अन्तर्राष्ट्रिय पत्रकार महासंघका दक्षिण एसिया संयोजक उज्ज्वल आचार्य।
९. समापन समारोहलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष गोविन्द आचार्य।


२


३


४



५



६



७



८



९



# नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको बैठक सम्पन्न

**नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको दोस्रो पूर्ण बैठक काभ्रेपलाञ्चोकको धुलिखेलमा असोज २६ र २७ गते सम्पन्न भयो । उक्त बैठकले निम्नानुसारको निर्णय गरेको छ :**

१. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका लागि लोकतन्त्र, मानवअधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन र राज्यका सबै निकायमा समानुपातिक तथा समावेशी सहभागिताका लागि महासंघको प्रष्ट अडान रहँदै आएको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन पार्ने संविधानका केही व्यवस्था तथा कानुनी व्यवस्थाको परिमार्जनका लागि जोडदार माग गरिएको छ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि दबाबमूलक अभियान चलाउने निर्णय गरिएको छ। त्यसका लागि आन्दोलन र कानुनी पक्ष समेटेर कार्ययोजना तय गरिएको छ। सञ्चार प्रतिष्ठानमा रहेका महासंघका शाखाहरूलाई ट्रेड युनियनमा दर्ता गर्ने प्रक्रिया तत्काल अगाडि बढाउने तथा ऐन कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय गरेर अगाडि बढ्ने निर्णय गरिएको छ। त्यसका लागि आगामी तीन महिनाभित्र सबै सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकारलाई नियुक्तिपत्र तथा न्यूनतम पारिश्रमिकसहितका सुविधा उपलब्ध गराउन पहल गर्ने निर्णय गरिएको छ। ऐन कार्यान्वयनका लागि केन्द्र, प्रदेश तथा स्थानीय तहमा दबाबमूलक अभियान चलाउन समिति गठन गरिनेछ।

३. व्यावसायिक पत्रकारिताको विकासका लागि नियमितरूपमा मिडियाको कन्टेन्टका विषयमा मिडिया सम्वाद सञ्चालन गरिनेछ।

४. सदस्यता शुद्धीकरणको प्रक्रिया तत्काल थालिनेछ। सदस्यता प्राप्तिको विधानसम्मत व्यवस्थालाई पूर्ण कार्यान्वयन गर्ने निर्णय गरिएको छ।

५. पत्रकारिताका क्षेत्रमा क्रियाशील विभिन्न संघसंगठनसँगको समन्वयलाई प्राथमिकता दिँदै लोकतन्त्र र शान्तिका लागि पेशागत सञ्जाल (पापड) लगायतका विभिन्न पेशागत र नागरिक संस्थासँगको सहकार्यलाई जोड दिने निर्णय गरिएको छ।

६. रेडियो, टेलिभिजन र अनलाईनको वर्गीकरण गरी सबै प्रकारका सञ्चारमाध्यममा 'लोककल्याणकारी विज्ञापन' उपलब्ध गराउनुका साथै साना लगानीका र अति दुर्गम क्षेत्रका मिडियाको प्रवर्द्धनमा ध्यान दिन सरकारको ध्यानकर्षण गराइन्छ। सञ्चारमाध्यमलाई बिजुली, इन्टरनेट र सौर्य उर्जामा विशेष छुटको व्यवस्था गर्न पहल गर्ने निर्णय गरिएको छ।

७. संविधानअनुसार महासंघका संरचनालाई पूर्णता दिनका लागि आगामी चैतभित्र महासंघका १० वटै प्रदेशको अधिवेशन सम्पन्न गरिनेछ।

८. मिडियाको प्रवर्द्धन र पत्रकारिताको व्यावसायिक विकासका लागि सातवटै प्रदेशमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनका लागि पहल गरिनेछ। प्रदेश नम्बर तीनको कार्यालय काभ्रेमा र प्रतिष्ठानको केन्द्रीय कार्यालय चितवनमा स्थापनाका लागि प्रतिवद्धता व्यक्त गरिएको छ।

९. नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा इ-लाइब्रेरी स्थापनाको पहल

गरिनेछ। इ-लाईब्रेरी स्थापनाका लागि विभिन्न शाखालाई प्रोत्साहन गरिनेछ।

१०. नेपाल पत्रकार महासंघले यसअघि सरकारसमक्ष प्रस्तुत गरेका मागहरू हालसम्म पनि पूरा नभएकाले तत्काल मागहरूको सम्बोधनका लागि आग्रह गर्ने निर्णय गरिएको छ।

११. घोषित प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्न महासंघको बैठकले सरकार र सम्बद्ध राजनीतिक दलहरूलाई आग्रह गर्ने निर्णय गरेको छ।

१२. बैठकले विभिन्न समिति तथा उपसमिति गठन गर्नुका साथै महासंघको नीति, कार्यक्रम, कार्ययोजनासहित संगठनात्मक प्रस्ताव समेटिएको अध्यक्ष र महासचिवको प्रतिवेदन तथा आर्थिक कार्ययोजनासम्बन्धी कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मतले पारित गरेको छ।

१३. नेपाल पत्रकार महासंघको दोश्रो बैठकको आतिथ्यता गर्ने काभ्रे शाखालाई धन्यवाद दिँदै पर्यटकीय नगरी धुलिखेलको पर्यटन प्रवर्द्धनका लागि बैठकले प्रतिवद्धता जनाएको छ।

## नेपाल पत्रकार महासंघको नीति, कार्यक्रम र कार्ययोजना सम्बन्धी अवधारणा

नेपाल पत्रकार महासंघको २०७४ भदौ ४ र ५ गते काठमाडौंमा सम्पन्न २५ औं महाधिवेशनले चयन गरेको केन्द्रीय समितिको असोज २६ गते धुलिखेलमा सम्पन्न दोस्रो पूर्ण बैठकमा अध्यक्ष गोविन्द आचार्य र महासचिव रमेश विष्टद्वारा प्रस्तुत भई छलफलपछि परिमार्जनसहित पारित महासंघका नीति, कार्यक्रम र आगामी कार्ययोजना सम्बन्धी अवधारणा यस प्रकार छन्। यसै प्रस्तावका आधारमा विस्तृत कार्ययोजना र कार्यक्रम तय गरिने छ।

**पत्रकार महासंघको नीति तथा कार्यक्रम सम्बन्धी अवधारणा**

**१. लोकतन्त्र, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक हकको पक्षपोषण**

१.१ लोकतन्त्रमा मात्रै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका साथै पत्रकार हक-हितको रक्षा हुनसक्छ भन्नेमा महासंघ दृढ छ। महासंघ सधैं लोकतन्त्र, मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, सामाजिक न्याय, आवधिक निर्वाचन, राज्यका सबै निकायमा विभिन्न वर्ग, जाति र क्षेत्रको समानुपातिक र समावेशी सहभागिता तथा स्वस्थ्य राजनीतिक प्रतिष्पर्धाका आधारका जनप्रतिनिधिहरूको चयनका पक्षमा उभिने छ। लोकतन्त्र माथि कहि र कतैबाट हुने अवरोध वा प्रहारका विरुद्ध उभिनु महासंघको कर्तव्य हुनेछ। लोकतन्त्रको वास्तविक अभ्यास र सुदृढीकरणका पक्षमा उभिनु पत्रकारहरूको प्रमुख दायित्व हो भन्नेमा महासंघ प्रष्ट छ।

१.२ मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र र अन्तर्राष्ट्रियरूपमा स्थापित अधिकार, सिद्धान्त र मान्यताहरूको सम्मान गर्दै न्याय, समानता, स्वतन्त्रता, समावेशिता, मानवीयता, शान्ति तथा अन्तर्राष्ट्रिय समभ्रूदारी र मित्रराष्ट्रहरूबीच भाइचाराको संरक्षण तथा संवर्द्धन गर्न पत्रकार महासंघले आवश्यक भूमिका निर्वाह गर्नेछ।

१.३ विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग, संरक्षण र संवर्द्धनका लागि आवश्यक पहल लिइनेछ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने वा कुनै पनि प्रकारले वाधा, व्यवधान र अवरोध पुऱ्याउने गरी भएका सबै प्रकारका प्रयासहरूको सशक्त प्रतिवाद गरिने छ। साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानून र संरचना निर्माणका पक्षमा पहल गरिनेछ।

१.४ सञ्चारमाध्यममा सम्पादकीय स्वतन्त्रता संकटमा पर्दै गएको सन्दर्भमा सम्पादकीय स्वतन्त्रताको पक्षमा यथेष्ठ बहस र छलफल गरिनेछ।

१.५ नागरिकको सुसूचित हुन पाउने संबैधानिक तथा कानूनी अधिकारको रक्षा र प्रचलनका लागि महासंघ सदैव सक्रिय एवं समर्पित रहने छ। सार्वजनिक सूचनामा नागरिकको पहुँच र सञ्चारमाध्यममार्फत् यसको पूर्ण उपभोगको वातावरण बनाउन संस्थागत सुधार र सूचना संस्कृतिको निर्माणका लागि महासंघले थप क्रियाशीलता बढाउने छ।

१.६ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दा व्यक्तिको गोपनियताको हकको संरक्षणका साथै मानहानी, राष्ट्रिय सुरक्षा, घृणायुक्त अभिव्यक्ति, असत्य समाचार, धार्मिक दुष्प्रचार, यौनजन्य अश्लीलता वा उच्छृङ्खलता जस्ता विषयमा सञ्चारमाध्यमले अपनाउनुपर्ने सावधानी, पालना गर्नुपर्ने नैतिक दायित्व र त्यसमा सीमित बन्देजका प्रावधानहरू लागू गर्दा पर्नसक्ने प्रभावका सन्दर्भमा स्थापित मान्यता, अन्तर्राष्ट्रिय अभ्यास, पत्रकार आचारसंहिता र अन्य कानुनी प्रावधानका विषयमा नागरिक समाजसमेतको सहभागितामा सार्वजनिक छलफल तथा सुनुवाई अघि बढाइनेछ।

१.७ संविधानमा प्रेस स्वतन्त्रतालाई संकुचन गर्ने प्रावधानहरू परिमार्जन गर्न निरन्तर जोड दिइने छ।

**२. श्रमजीवी पत्रकारको हकहित र अधिकार**

श्रमजीवी पत्रकारको हकहित र अधिकारका लागि अभियानात्मकढंगले अघि बढिने छ। यस सन्दर्भमा महासंघले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनलाई मुख्य प्राथमिकतामा राखेर गतिविधिहरू सञ्चालन गर्नेछ। केन्द्रीय समितिले 'व्यावसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम अधिकार' भन्ने मूल आह्वानका साथ देशव्यापी अभियान सञ्चालन गर्नेछ।

संचार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको हक, हितका लागि सञ्चारसम्बद्ध संघसंस्था र सरोकारवाला अन्य निकायहरूसँगसमेत सहकार्य गर्दै कार्ययोजना बनाई अघि बढिनेछ–

२.१ सञ्चार प्रतिष्ठानमा कार्यरत सबै पत्रकार, कर्मचारी, कामदारका हातमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, पारिश्रमिकको नियमित भुक्तानी, विदाको व्यवस्था, सञ्चय कोष, बीमा, दशैं या चाडपर्व खर्च, औषधी उपचार खर्च, उपदान जस्ता प्रमुख व्यवस्था कार्यान्वयन गर्न निश्चित समयावधि तोकेर महासंघ केन्द्र, क्षेत्र र जिल्ला तथा प्रतिष्ठान शाखा/एसोसियट संस्थाबाट तत्कालै चरणवद्धरूपमा सञ्चार अभियान अघि बढाइने छ। सरकार, मिडिया व्यवस्थापन पक्ष र अन्य सम्बद्ध निकायसँग सम्वाद र छलफलबाट समस्या समाधान हुन नसके महासंघ केन्द्रकै पहलमा विभिन्न दबावमूलक कार्यक्रम सञ्चालन गरिनुका साथै कानूनी उपचारको व्यवस्था मिलाइने छ।

२.२ श्रमजीवी पत्रकार ऐन कार्यान्वयन अवस्थाको अनुगमन, सञ्चार अभियानको सञ्चालन तथा वार्ता र सम्वादका लागि केन्द्र, प्रदेश तथा स्थानीय तहमा छुट्टाछुट्टै समिति बनाई परिचालन गरिनेछ।

२.३ पत्रकारको पेशागत तथा भौतिक सुरक्षाको प्रत्याभूतिका लागि केन्द्रीय कार्यालयमा सूचना तथा कानूनी सहायता डेस्क स्थापना गरी कार्य गरिने छ। श्रमजीवी पत्रकारका श्रम समस्याहरूको सन्दर्भमा तत्काल कानुनी सल्लाह र उपचार सेवाका लागि स्थानीय तहमा पनि कानुनी डेस्क खोल्न शाखाहरूलाई प्रेरित गरिने छ।

२.४ श्रमजीवी पत्रकारहरूले हाल पाउँदै आएको न्यूनतम पारिश्रमिक १८ हजार पाँच सय रुपियाँको प्रभावकारी कार्यान्वयन र समयसापेक्ष पारिश्रमिक पुनरावलोकनका लागि पहल गरिने छ। साथै, श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका क्रममा बाधा देखिएका विषयमा ऐन संशोधन गरी समसामयिक तुल्याउन प्रक्रिया अघि बढाइनेछ।

२.५ स्वीकृत निर्देशिकाबमोजिम प्रक्रिया पूरा भएका सबै पत्रकारको दुर्घटना तथा उपचार बीमा व्यवस्थाको कार्यान्वयन गरिनेछ। द्वन्द्वपीडित पत्रकार कल्याण कोषको कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ।

२.६ पत्रकार र सञ्चारमाध्यमको भौतिक सुरक्षा र दण्डहीनताको अन्त्य महासंघको प्राथमिक एजेण्डा हुनेछ।

पत्रकारको हत्या, बेपत्ता एवं आक्रमणमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रताको हनन्का घटना रोक्ने र दोषीलाई कारवाही गराउने, पत्रकारविरुद्धको हिंसा एवं मिडियामा सेल्फसेन्सरसीपको अवस्थाको अन्त्यलगायत पत्रकारको भौतिक सुरक्षा र स्वतन्त्रताको जगेर्नाका लागि निरन्तररूपमा क्रियाशील रहनेछ। यसका निम्ति आवश्यकताअनुसार राष्ट्रिय-अन्तर्राष्ट्रिय मिडिया मिसनको सञ्चालन गरिनेछ।

२.७ वरिष्ठ पत्रकार सम्मान, जीवनवृत्ति, औषधी उपचार व्यवस्थाका साथै क्रियाशील पत्रकारका लागि पुरस्कार, फेलोसिप, आवागमन सुविधालगायत सामाजिक सुरक्षा र सहुलियतका निम्ति पहलकदमी लिइने छ। साथै, श्रमजीवी पत्रकारले क्यामेरा, ल्यापटप, रेकर्डरजस्ता अत्यावश्यक सञ्चार उपकरण एवं सञ्चारकर्मी र सञ्चार संस्थाले व्यावसायिक प्रयोजनका लागि सवारी साधन खरिद गर्दा उचित सहुलियत या कर छुटको निम्ति प्रयास गरिने छ। सञ्चारकर्मीले प्रयोग गर्ने सञ्चार साधनको विमाका लागि पहल गरिने छ।

**३. महासंघको संगठनात्मक पुनर्संरचना र ट्रेड युनियनमा विकास**

नेपाल पत्रकार महासंघलाई सम्पूर्ण नेपाली पत्रकारहरूको साझा नेतृत्वदायी पेशागत संगठनका साथै उचित श्रम अभ्यास र सामूहिक सौदावाजीको वैधानिक अधिकार सम्पन्न ट्रेड यूनियनका रूपमा स्थापित गरिने छ। साथै, विधानको व्यवस्थाअनुसार महासंघलाई संघीय ढाँचामा पुर्नसंरचना गरिने छ।

३.१ महासंघ विधानको व्यवस्थाअनुसार संघीय ढाँचामा संगठनात्मक पुनर्संरचना गरिने छ। भौगोलिक ७ प्रदेश, उपत्यका, प्रतिष्ठान र एसोसिएट गरी १० प्रदेशमा संगठनात्मक संरचना निर्माण गरिने छ। समयसिमा तोकेर सो अवधिभित्रै सबै प्रदेशको निर्वाचन गरी प्रदेश समिति गठन गरिने छ। विदेशस्थित शाखाहरूलाई समन्वय गर्न वैदेशिक शाखा समन्वय समिति गठनको प्रक्रिया अघि बढाइने छ।

३.२ महासंघलाई उचित श्रम अभ्यास र सामूहिक सौदावाजीको वैधानिक अधिकार सम्पन्न ट्रेड यूनियनका रूपमा स्थापित गर्न सुरुमा प्रतिष्ठान शाखाहरूलाई ट्रेड यूनियनका रूपमा दर्ता गरी महासंघलाई ट्रेड यूनियनमा लगिने छ।

३.३ स्थानीय तहहरूमा महासंघको संरचना निर्माणबारे संगठन समितिले अध्ययन गरी मापदण्ड तय गर्नेछ। जिल्ला शाखाहरूको प्रतिवेदन तथा संगठन समितिको मापदण्डका आधारमा स्थानीय तहमा शाखा गठनका लागि आवश्यक निर्णय लिइने छ।

३.४ महासंघका शाखा/एसोसियट संस्थाहरूको भेला तथा अध्यक्षहरूको राष्ट्रिय भेला एवं प्रदेशका सभासद्हरूको प्रदेश भेला आयोजना गरिने छ। विधानले तोकेको समयभित्रै साधारणसभा सम्पन्न गरिने छ।

**४. महासंघमा शुद्धीकरण र व्यावसायिक पत्रकारिता प्रवर्द्धन**

स्वच्छ, मर्यादित एवं उत्तरदायी पत्रकारिताको विकासका लागि महासंघ भित्र र पत्रकारिता जगतमा शुद्धीकरण तथा संगठन सुदृढीकरण अभियान सञ्चालन गरिने छ।

४.१ महासंघमा पत्रकारितामा क्रियाशील नरहेका व्यक्ति पनि सदस्य रहने या वास्तविक पत्रकार सदस्यताबाट बञ्चित रहने अवस्था आउन नदिन सम्बन्धित शाखा र एसोसियट संस्थालाई जिम्मेवार बनाउँदै सदस्यता शुद्धीकरण अभियान सञ्चालन गरिने छ। शुद्धीकरण अभियानका क्रममा आवश्यकताअनुसार शाखा/एसोसियट संस्थामा आम पत्रकार र अन्य सरोकारवाला समुदायबीच सार्वजनिक सुनुवाईसमेत गरी नयाँ सदस्यता प्रदान तथा सदस्यता नवीकरणको कार्य गरिनेछ।

**पत्रकारको सीप र दक्षता अभिवृद्धिका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय अभ्यास र आवश्यकतालाई ख्याल गर्दै परियोजना सञ्चालन तथा स्थानीय तहमा विभिन्न निकाय र संस्थाहरुसँगको सहकार्यमा अभियानकै रूपमा पत्रकार प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।**

४.२ नयाँ सदस्यता प्रदान गर्दा तोकिएको योग्यता पुगेका वास्तविक पत्रकार सदस्यताबाट बञ्चित नरहने र गैरपत्रकारले सदस्यता प्राप्त या नवीकरण गर्न नपाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको व्यवस्था मिलाइने छ। साथै, केन्द्रीय महाधिवेशन हुनुभन्दा ६ महिना पहिले नै नयाँ सदस्या स्विकृति गरिसक्ने व्यस्थालाई कडाइपूर्वक पालना गरिने छ।

४.३ प्रत्येक साधारण सदस्यले तोकिएको शुल्क समयमै बुझाउने तथा महासंघका गतिविधिमा सहभागी हुने अवस्था सिर्जना गर्न सम्बन्धित शाखा/एसोसियट संस्थालाई कार्यक्रम बनाई अघि बढ्न प्रेरित गरिने छ। सदस्यहरूको अभिलेखलाई व्यवस्थित बनाइनेछ। विधानको व्यवस्था बमोजिम लगातार २ वर्षसम्म सदस्यता नवीकरण नगर्नेहरूको सदस्यता रद्ध गरिने छ।

४.४ पत्रकार र पत्रकारिताको मर्यादा अभिवृद्धि एवं व्यावसायिक र उत्तरदायी पत्रकारिताको विकासका लागि पत्रकारको नैतिक आचरण र पेशागत आचारसंहिता पालनामा जोड दिइनेछ। आचारसंहिताबारे जानकारी गराउन प्रेस काउन्सिलसहितका संस्थाहरूसँग सहकार्य गरी प्रतिष्ठान र जिल्ला शाखाहरूसम्म पत्रकार आचारसंहिता जागरण तथा सुनुवाई कार्यक्रम सञ्चालन गरिने छ। मिडिया कन्टेनमा नियमित सम्वादको प्रक्रिया अघि बढाइने छ।

**५. पत्रकारको दक्षता अभिवृद्धि**

पत्रकारको दक्षता अभिवृद्धिका लागि विशेष कार्यक्रमको सञ्चालन र संस्थागत विकासको पहल गरिने छ।

५.१ पत्रकारिता पेसा र व्यवसायलाई व्यावसायिक, मर्यादित बनाउन आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवं उच्चतम व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' केन्द्र र प्रदेशमा स्थापनाका लागि पहल गरिने छ।

५.२ महासंघमा ई-लाइब्रेरी स्थापनाको पहल गरिने छ।

५.३ महासंघका प्रत्येक शाखा/एसोसियट संस्थालाई स्थानीय तहमा आफ्नो स्रोत साधन र सक्रियतामा पुस्तकालय स्थापनाका लागि अभिप्रेरित गरिने छ र त्यस्ता पुस्तकालयलाई केन्द्रमा रहने ई-लाइब्रेरीसँग जोडिने छ।

५.४ पत्रकारको सीप र दक्षता अभिवृद्धिका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय अभ्यास र आवश्यकतालाई ख्याल गर्दै परियोजना सञ्चालन तथा स्थानीय तहमा विभिन्न निकाय र संस्थाहरूसँगको सहकार्यमा अभियानकै रूपमा पत्रकार प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**६. मिडियाको प्रवर्द्धन र व्यावसायिक विकास**

६.१ व्यावसायिक पत्रकारिताको विकासका लागि समग्र सञ्चार क्षेत्रको प्रवर्द्धन जरूरी छ। यसका निम्ति मिडियालाई उद्योग सरह मान्यता र सुविधा उपलब्ध गराउनुका साथै यस क्षेत्रको पूर्वाधार विकास, लगानीको पारदर्शिता एवं विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली कार्यान्वयनका लागि पहल गरिने छ। मिडियामा बहुलता, विविधता, लैङ्गिक समानता र समावेशीता एवं स्थानीय आवाजलाई प्रवर्द्धन गर्न पत्रकारद्वारा सञ्चालित एवं साना लगानी र स्थानीय तहका सञ्चारमाध्यमको संरक्षणका निम्ति

आवश्यक प्रयास गरिने छ। मातृभाषामा सञ्चालित सञ्चार माध्यमलाई विशेष राहतका लागि पहल गरिने छ।

६.२ स्थानीय तहबाटै पत्रपत्रिकाको वर्गीकरण, प्रेसपास र लोककल्याणकारी विज्ञापनको रकम वितरण गर्न, लोककल्याणकारी विज्ञापन वापतको रकममा बृद्धि गर्न, वर्गीकरणमा परेका सञ्चारमाध्यमलाई वर्गीकरण भएलगत्तैको आर्थिक वर्षबाटै लोककल्याणकारी विज्ञापन वापतको सुविधा पाउने र कुनै पत्रपत्रिका प्रकाशन अवधिमा परिवर्तन (जस्तैः साप्ताहिक पत्रिका दैनिक भएको) या स्थानान्तरण भएकै कारण त्यसअघि वर्गीकरणमा परेर प्राप्त गरिरहेको सुविधाबाट बञ्चित हुने अवस्था आउन नदिन आवश्यक निर्णयका लागि सरकारसँग पहल गरिनेछ।

६.३ मिडियाको प्रवर्द्धन र स्वतन्त्रताको जगेर्नाको लागि नयाँ मिडिया नीतिले व्यवस्था गरेका सार्वजनिक सेवा प्रसारण, राष्ट्रिय मिडिया आयोग वा प्राधिकरण, प्रेस रजिष्ट्रार, विज्ञापन प्राधिकरण जस्ता निकायको स्थापना र सञ्चालनको लागि आवश्यक प्रयास गरिनेछ।

६.४ प्रेस काउन्सिललाई पत्रपत्रिकाका साथै रेडियो, टेलिभिजन, समाचार एजेन्सी र नयाँ मिडियाको समेत अनुगमन गर्न सक्ने गरी स्वायत्त स्वनियमनकारी संस्थाका रूपमा पुनर्संरचना र क्षमतायुक्त बनाउन आवश्यक भूमिका निर्वाह गरिनेछ।

६.५ न्यूनतम पारिश्रमिक निर्धारण समितिको वर्तमान स्वरूप, भौतिक संरचना र अधिकार क्षेत्रका आधारमा सञ्चार प्रतिष्ठानको श्रम समस्यालाई सम्बोधन गर्न प्रभावकारी हुने अवस्था नरहेकोले यसको पुनर्संरचनाका लागि प्रयास गरिनेछ।

६.६ मिडियामा लैंगिक समानताको प्रवर्द्धनको निम्ति सञ्चार प्रतिष्ठानहरूलाई लैंगिकमैत्री बनाउने निर्देशिका २०७१ कार्यान्वयनमा जोड दिइने छ। नेपाली मिडियामा महिला, दलित, मधेशी, अल्पसंख्यक, आदिवासी जनजाति पत्रकारको उपस्थिति बढाउन पहलकदमी लिइने छ।

६.७ मिडिया हाउसमा सुत्केरी स्याहार केन्द्र, अपाङ्मैत्री वातावरण निर्माणका लागि पहल गरिने छ।

### ७. मिडिया नीति, कानुन निर्माण र संरचनाहरू

७.१ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारिताको बृहत्तर हितका निम्ति राष्ट्रिय आमसञ्चार नीति २०७३ ले परिकल्पना गरेका नीतिगत तथा कानुनी सुधार र नियामक निकायको स्थापना तथा पुनसंरचनालगायतका कार्यहरूमा महासंघले पहलकदमी लिनेछ।

७.२ संविधानले परिकल्पना गरेको केन्द्र, प्रदेश र स्थानीय तहमा मिडिया सञ्चालनका लागि कानुनी तथा नीतिगत व्यवस्थाका लागि ठोस पहल गरिने छ।

७.३ विद्युतीय कारोवारसम्बन्धी ऐन आमसञ्चारमाध्यममा आकर्षित नहुने व्यवस्था हुनुपर्छ। साथै, अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने वा संकुचन गर्ने खालका सबैखाले कानुनको संशोधन गरी तिनलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन पहल गरिने छ।

७.४ आमसञ्चारसम्बन्धी कानुनमा आवश्यक परिमार्जनका लागि पहल गरिने छ। सरोकारवालाहरूको सहभागिता र महासंघको पहलकदमीमा आमसञ्चारसम्बन्धी छाता कानुन बनाउन आवश्यक प्रयास गरिनेछ।

७.५ अनलाइन पत्रकारिताका विकाससँगै यसलाई व्यवस्थित गर्न सरकारले ल्याएको अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ लाई सुधार र परिमार्जन गरी अनलाइन पत्रकारितामैत्री बनाउन सरकारसँग माग गरिने छ।

७.६ स्थानीय विकास मन्त्रालयले जारी गरेको स्थानीय तहमा रेडियो सञ्चालन सम्बन्धी नमूना कार्यविधि फिर्ता गरी संविधानसँग नबाझिने गरी कार्यविधि निर्माण गर्न आवश्यक दवाब दिइने छ।

### ८. नागरिक अगुवा संस्थाका रूपमा क्रियाशीलता

लोकतन्त्र स्थापनाका निम्ति सशक्त भूमिका निर्वाह गरेको एक अगुवा नागरिक संस्थाको हैसियतमा नेपाल पत्रकार महासंघले यसको संस्थागत विकासका निम्ति पनि उत्तिकै सशक्त भूमिका खेल्नुपर्ने आवश्यकता छ। यस सन्दर्भमा देहायअनुसार अघि बढिनेछ–

८.१ तोकिएकै मितिमा प्रदेश र संघीय निर्वाचन सम्पन्न गर्न महासंघ सरकार र सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ।

८.२ नागरिक अधिकार, सामाजिक न्यायका साथै लोकतन्त्रको रक्षा र सुदृढीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८.३ अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) र इन्टरनेशनल फ्रिडम अफ एक्सप्रेसन एक्सचेञ्ज (आइफेक्स), इन्टरनेशनल एलर्टलगायतका संस्थासँगको समन्वय अभिवृद्धि गर्नुका साथै ती संस्थासंगको सहकायलाई अझ प्रभावकारी तुल्याइने छ।

८.४ शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) लाई सक्रिय बनाई सो मार्फत् नागरिक अधिकार लगायत साझा विषयमा सहकार्य अघि बढाइनेछ।

८.५ पत्रकारितासँग सम्बन्धित सबै संघ-संगठन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं श्रम आन्दोलनसँग सम्बन्धित राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थासँगको सहकार्यलाई अघि बढाइने छ।

८.६ सामाजिक संघ संस्था, उद्योग व्यवसायी, उत्पादनका क्षेत्र तथा उपभोक्ताहरूका संस्थाहरूसँग सहकार्यको वातावरण निर्माण गर्ने।

### ९. विशेष योजना

९.१ कार्यालय भवनहरू निर्माण हुन बाँकी रहेका जिल्लामा आगामी तीन वर्षभित्र निर्माण कार्य गरिसक्ने गरी अघि बढ्न सम्बन्धित शाखालाई प्रेरित गरिने छ। सबै शाखाहरूलाई कार्यालय स्थापना गरी नियमितरूपमा सञ्चालनको व्यवस्था मिलाइने छ। एसोसियट संस्थाहरूलाई पनि यसमा प्रेरित गरिने छ।

९.२ महासंघ केन्द्रलाई अझ व्यवस्थित, पारदर्शी र सुशासनयुक्त सुदृढ संस्थाको रूपमा सञ्चालन गरिने छ। महासंघको आर्थिक सुशासन र पारदर्शिता अभिवृद्धि गर्न लेखा समितिसँगसमेत आवश्यक परामर्श गरी समितिबाट प्राप्त हुने नीतिगत राय सुझावलाई आत्मसात् गरिने छ। शाखा/एसोसियट संस्थाहरूलाई पनि नियमित बैठक, बैंकमार्फतको आर्थिक कारोवार र सुशासन एवं पारदर्शी बनाउँदै लगिने छ। शाखाका बैठकका निर्णय र गतिविधिहरू नियमितरूपमा केन्द्रीय र क्षेत्रीय समितिमा रिपोर्टिङ गर्ने व्यवस्था मिलाइने छ।

९.३ महासंघका प्रकाशनहरूलाई नियमितता दिनुका साथै ई-बुलेटिन र डिजिटल सम्पर्क विस्तारलाई पनि प्राथमिकता दिइनेछ।

९.४ एफ.एम. रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाहरूलाई वैकल्पिक उर्जाका लागि सौर्यउर्जा सहुलियतका लागि पहल गर्ने।

९.५ मिडिया विकास कोषलाई थप प्रभावकारी बनाउन र पत्रकारहरूका लागि आवश्यक उपकरण खरिदमा दिइने अनुदानलाई ५० प्रतिशत बनाउन पहल गर्ने।

९.६ रेडियो तथा अनलाईन र टेलिभिजनहरूलाई समेत वर्गीकरणको दायरा भित्र ल्याई सोहीअनुसारका सेवा-सुविधाहरू उपलब्ध गराउन पहल गर्ने।

९.७ मिडियामा बिजुली र टेलिफोनमा सहुलियतका लागि आवश्यक पहल गर्ने।

९.८ महासंघको उद्देश्य हासिल गर्न अन्य नियमित र आकस्मिक कार्यहरू आवश्यकताअनुसार सञ्चालन गरिने छ।

# आमसञ्चार र निर्वाचनसम्बन्धी छलफल




२०७४ मंसिर १० र २१ गते हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका सन्दर्भमा नेपाल पत्रकार महासंघले 'आमसञ्चार र निर्वाचन' विषयमा छलफल कार्यक्रम आयोजना गऱ्यो ।

काठमाडौंको सञ्चारग्रामस्थित महासंघको सभाहलमा भएको कार्यक्रममा निर्वाचन आयोगका प्रमुख आयुक्त डा.अयोधीप्रसाद यादवले लोकतन्त्र, संघीयता, गणतन्त्र स्थापना गर्न नेपाली सञ्चारजगतको उल्लेखनीय भूमिका रहेकोले त्यसको संरक्षण तथा सम्वर्द्धनमा समेत ध्यान दिन पत्रकारहरूलाई आग्रह गर्नुभयो । पेशागत आचारसंहिताभित्र रहेर आफ्ना अध्ययन–अनुसन्धान र विश्लेषण गर्न र स्वच्छ र स्वतन्त्र ढंगबाट निर्वाचन सम्पन्न हुने वातावरण निर्माण गर्न पत्रकारहरूलाई आग्रह गर्दै आफ्ना समाचारहरूका माध्यमबाट देश निर्वाचनमय बनाइदिन प्रत्येक सञ्चार गृहलाई आग्रह गर्दै उहाँले पत्रकार महासंघलाई महासंघका जिल्ला शाखाका माध्यमबाट निवार्चन शिक्षामा सहयोग गर्न पनि आग्रह गर्नु भयो ।

कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले सञ्चारक्षेत्रका विषय र त्यसमा प्रकाशन-प्रसारण भएका विषयमाथि छलफल गरिने योजनाअनुरुप आजको कार्यक्रम राखिएको र अहिलेको मुख्य विषय निर्वाचन सम्पन्न गर्ने रहेको हुँदा त्यसमा सञ्चारजगतको महत्वपूर्ण भूमिका रहने बताउँदै त्यसमा निर्वाचन आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगसँग सहकार्य गरेर अघि बढ्ने बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गोविन्द शर्माले आफूले पाएको जिम्मेवारीअनुसार निर्वाचनका क्रममा मानव अधिकारको उल्लंघन भए-नभएको अनुगमन गर्ने जानकारी दिँदै निर्वाचनका क्रममा बालबालिका प्रयोग हुनका साथै विद्यालयहरूमा आमसभा भएको हुँदा त्यसप्रति निर्वाचन आयोगले राजनीतिक दलहरूलाई स्पष्टीकरण सोधेर मात्रै छोडेकोमा दुःख व्यक्त गर्नुभयो । पूर्व निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले निर्वाचनको अनुभव सुनाउँदै प्रभावकारी जनमतको सृजना गर्न पत्रकार जगतको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो।

त्यसैगरी सूचना विभागका महानिर्देशक वीरबहादुर राईले निर्वाचनमा सबै पत्रकारहरूलाई विशेष पास उपलब्ध गराउन सम्भव नरहेको हुँदा सूचना विभागले जारी गरेको परिचयपत्रका आधारमा निर्वाचन अधिकृतसँग सहकार्य गरी सूचना सम्प्रेषण गर्न पत्रकारहरूलाई आग्रह गर्नुभयो । प्रेस काउन्सिल नेपालका प्रशासकीय अधिकृत झविन्द्र भुसालले स्थानीय निर्वाचनमा जस्तै आगामी निवार्चनका लागि समेत काउन्सिलले सञ्चारगृहका विषयवस्तुहरूमा अनुगमन सुरु गरिएको र अनुगमनका क्रममा सञ्चारगृहका विषयमा स्वच्छ र निष्पक्ष सामग्रीहरू नभएको बताउनु भयो ।

कार्यक्रममा महासंघका महासचिव रमेश विष्टले महासंघले सञ्चारमाध्यमका विषयमा नियमित छलफल गर्ने योजनाअनुसार यो कार्यक्रम राखिएको जानकारी गराउँदै सञ्चारजगत आफैंमा निर्वाचनको सुपरिवेक्षक तथा सूचनाको सम्वाहक रहेकाले सूचना जनतासम्म पुऱ्याउन उपयुक्त वातावरण निर्माण गर्न सबैलाई आग्रह गर्नुभयो ।

## खोज पत्रकारिता तालिम



नेपाल पत्रकार महासंघले १८ जना पत्रकारलाई अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन र मिडियामा सीमान्तकृत समुदायको आवाजसम्बन्धी खोजी पत्रकारिताको तालिम प्रदान गरेको छ । २०७४ भदौ २५ र २६ गते खोज पत्रकारिता केन्द्रका सम्पादक शिव गाउँले, नागरिक दैनिकका एसोसियट सम्पादक तिलक पाठक र मिडिया अनुसन्धानकर्ता उज्वल प्रजापतिले उनीहरूलाई तालिम दिनुभएको थियो। युरोपियन युनियन र अलर्ट इन्टरनेशनलसँगको सहकार्यमा महासंघले सञ्चालन गरेको परियोजना अन्तर्गत लेखनवृत्तिलाई अघि बढाउन पत्रकारलाई तालिम दिइएको हो ।

# महासंघद्वारा गैरआवासीय नेपाली संघका पदाधिकारीलाई स्वागत

नेपाल पत्रकार महासंघले गैरआवासीय नेपाली संघका नव निर्वाचित अध्यक्ष तथा पदाधिकारीहरूलाई स्वागत तथा पूर्ण कार्य सफलताको शुभकामना व्यक्त गरेको छ। कार्तिक १८ गते महासंघको सभाहलमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका महासचिव रमेश विष्टले महासंघ गैरआवासीय नेपाली संघसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताउनु भयो। उहाँले गैरआवासीय नेपाली संघप्रति नेपाली जनताले ठूलो अपेक्षा राखेकोले देश विकासका निम्ति गैरआवासीय नेपाली संघसँग सहकार्य गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।




कार्यक्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्टले नेपाल पत्रकार महासंघसँग सहकार्य गरेर अघि बढ्ने र महासंघमा ई-लाइब्रेरी स्थापना गर्न सहयोग गर्ने बताउँदै गैरआवासीय नेपाली संघलाई लगानीमैत्री वातावरण निर्माण गर्न सबैलाई आह्वान गर्नुभयो।

# वैदेशिक शाखाका पत्रकारसँग छलफल

नेपाल पत्रकार महासंघले महासंघको वैदेशिक शाखाका पदाधिकारी/सदस्य तथा प्रवासमा रहेर पत्रकारिता गरिरहेका विभिन्न देशबाट आएका पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम गरेको छ।

असोज ३१ गते महासंघ केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले प्रवासी पत्रकारलाई आफू रहेको देशको नियम कानूनको पालना गरी पत्रकारिता गर्न आग्रह गर्नुभयो। कानूनको पालना गर्दागर्दै समस्या आइपरेमा महासंघ सहयोग गर्न तयार रहेको बताउँदै उहाँले महासंघको आन्तरिक विकासका लागि वैदेशिक शाखाको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो।

कार्यक्रममा महासंघका पूर्वसभापति हरिहर विरहीले कार्यक्रम आयोजना गरेकोमा महासंघलाई धन्यवाद व्यक्त गर्दै अन्य पेशाका तुलनामा पत्रकारिता पेशा पछाडि रहेको बताउँदै वैदेशिक शाखामा रहेका पत्रकारहरूले आफ्नो पेशालाई उपलब्धिमूलक बनाउन नेपालका मुद्दा तथा नेपालको समुन्नतिलाई विश्वसामु उजागर गर्न आग्रह गर्नुभयो।

त्यसैगरी महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले आयोजक महासंघलाई धन्यवाद दिँदै विदेशमा रहेर पत्रकारिता गरिरहेका विभिन्न वैदेशिक शाखाका पत्रकारहरूको प्रशंसा गर्दै पत्रकारिताको विकासका लागि मर्यादित र जिम्मेवार पत्रकारिताको आवश्यकता रहेको बताउनु भयो।



पत्रकार महासंघ र महासंघको वैदेशिक शाखाका पदाधिकारी छलफलपछि सामुहिक तस्विर खिचाउँदै।

महासंघका महासचिव रमेश विष्टले महासंघ आगामी दिनहरूमा आफ्ना शाखाहरूमार्फत लिनेभन्दा दिने अभिलाशाका साथ अघि बढ्ने विचार व्यक्त गर्दै उहाँले वैदेशिक शाखाका समस्यालाई महासंघको आगामी केन्द्रीय समितिको बैठकबाटै छलफल गरेर अझ प्रभावकारी तथा व्यवस्थित गरिने बताउनु भयो।

कार्यक्रममा महासंघ जापान शाखाका अध्यक्ष मोहन घले, सदस्य आनन्द कोइराला, कुवेत शाखाका सहसचिव गोपाल परियार, बेलायत शाखाका पूर्वअध्यक्ष चिरन शर्मा, अष्ट्रेलियाबाट प्रतिनिधित्व गर्ने पत्रकार हेमन्त काफ्ले, अमेरिकाबाट प्रतिनिधित्व गर्ने पत्रकार होमप्रसाद लम्साल, यूरोप शाखाका ओम शर्मा, यूएई शाखाका उपाध्यक्ष निमेश गिरीलगायतले कार्यक्षेत्रका समस्या, चुनौती र अनुभव सुनाउनु भएको थियो।

# भेटघाट तथा छलफल



प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मिडियाको भूमिकाबारे छलफलपछि महासंघका पदाधिकारी र यूरोपियन यूनियन नेपाल प्रतिनिधि।



एआईएन मिडिया टीमसँग भेटघाट।



आर्टिकल १९ दक्षिण एसिया प्रतिनिधिसँग तस्वीर खिचाउँदै।

# भेटघाट तथा छलफल




सहकार्यबारे पत्रकार महासंघ र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच छलफल।




पत्रकार महासंघ र निर्वाचन आयोगका पदाधिकारीबीच भेटभाट।



मिडियाका विषयवस्तुबारे छलफल गर्दै महासंघका पदाधिकारी र सम्पादक

# रेडियो सम्बन्धी छलफल



नेपाल पत्रकार महासंघले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारेको एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ (नमूना) बारे छलफल गरेको छ । असोज ८ गते आयोजित कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यताका आधारमा नेपाल पनि स्वायत्त निकायले मात्रै मिडियाको अनुगमन गर्नुपर्ने विचार राख्नुभयो ।

महासंघका पूर्वअध्यक्ष डा. महेन्द्र विष्टले नमूना कार्यविधिमा उल्लेख भएका प्रावधानले दिर्घकालीनरूपमा पार्ने असरबारे प्रस्तुति गर्नु भएको थियो । उहाँले मिडियालाई नियमन गर्ने बहानामा सरकारले रेडियो अनुगमनको अधिकार स्थानीय सरकारलाई दिएर प्रेसमाथि नियन्त्रण गर्न खोजेको आरोप लगाउनु भयो । कार्यक्रममा महासंघका महासचिव रमेश विष्ट, प्रेस चौतारीका अध्यक्ष गणेश बस्नेत, पत्रकार महासंघका पूर्व सचिव प्रभात चलाउनेलगायतले प्रेसमाथि नियन्त्रण गर्ने प्रयासको प्रतिवाद गर्ने बताउनु भएको थियो ।

# चीन भ्रमण सम्पन्न

नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेलले अक्टोबर १४ देखि २१ सम्म चीन भ्रमण सम्पन्न गर्नु भएको छ । अल चाइना जर्नलिष्ट एशोसियसनको निमन्त्रणामा चिनियाँ कम्युनिष्ट पार्टीको १९ औं महाधिवेशनमा भाग लिन नेपाल पत्रकार महासंघको प्रतिनिधित्व गर्दै उपाध्यक्ष पोखेल चीन जानु भएको हो । सो अवसरमा उहाँले महाधिवेशनको उद्घाटन सत्र तथा बेल्ट एण्ड रोड जर्नलिष्ट फोरमको शुभारम्भ कार्यक्रममा सहभागिता जनाउनु भएको थियो । महाधिवेशनमा १०२ देशका पत्रकार सहभागी थिए । चीनमा रहँदा उपाध्यक्ष पोखेलले अल चाइना जर्नलिष्ट एशोसियसनका अध्यक्ष सहितका पदाधिकारीसँग भेट गर्नु भएका थियो । सो अवसरमा नेपाल पत्रकार महासंघ र अल चाइना जर्नलिष्ट एशोसियसनबीच सहकार्य गरेर अघि बढ्ने बारे छलफल भएको थियो ।



# अष्ट्रेलिया भ्रमण सम्पन्न



नेपाल पत्रकार महासंघका अध्यक्ष तथा प्रेस काउन्सिलका सदस्य गोविन्द आचार्यले अष्ट्रेलियाको भ्रमण गर्नुभएको छ । प्रेस काउन्सिल नेपालको प्रतिनिधि मण्डलको नेतृत्व गर्दै आचार्य अष्ट्रेलिया जानु भएको हो । भ्रमणका क्रममा उहाँले अष्ट्रेलियाको प्रेस काउन्सिलका पदाधिकारी, अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे)का पदाधिकारी, सञ्चार क्षेत्रका संघसंस्थाका प्रतिनिधिहरू, अष्ट्रेलियामा रहेका नेपाली पत्रकार लगायतसँग भेट गरी सञ्चारका विभिन्न विषय र महासंघसँग हुनसक्ने सहकार्यका क्षेत्रबारे छलफल भएको थियो । प्रतिनिधि मण्डलले संसद्को पनि अवलोकन गरेको थियो । कार्तिक १६ गते अष्ट्रेलियातर्फ गएको टोली कार्तिक २६ गते स्वदेश फर्किएको थियो ।

# महासंघद्वारा जारी प्रेस विज्ञप्ति

मिति : २०७४/७/२७

## प्रेस विज्ञप्ति

टिभी टुडेका सम्वाददाता कान्ता गिरी र क्यामेरा पर्सन दर्शन खत्रीमाथि समाचार संकलनका क्रममा 'इन्ष्टिच्यूट अफ मेनेजमेन्ट स्टडिज का सञ्चालक भावना राणा र त्यहाँका कर्मचारीले गरेको दुर्व्यवहार तथा प्रहरीको गिरफ्तारीप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचार संकलनका लागि अग्रिम जानकारी गराएर पुगेका पत्रकारद्वय गिरी र खत्रीलाई सञ्चालक राणासहितका कर्मचारीले गालीगलौज गर्नुका साथै क्यामेरा र मोवाइल नियन्त्रणमा लिई हातापातको प्रयास गरेका थिए । सोही क्रममा प्रहरीले पत्रकारद्वयलाई गिरफ्तार गरी सिंहदरबार वृत्तमा करिव चार घण्टा नियन्त्रणमा राखेको थियो । नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालको पहलमा आइतबार साँझ पत्रकारद्वयलाई मुक्त गरिएको छ ।

उक्त शैक्षिक संस्थामा पूर्व जानकारी गराएर समाचार संकलनका लागि गएका पत्रकारमाथि दुर्व्यवहार गर्नु र प्रहरीले नियन्त्रणमा लिएको घटनाले प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन भएको महासंघको ठहर छ । निर्वाधरूपमा समाचार संकलन र संप्रेषण गर्न पाउने पत्रकारको संवैधानिक र कानुनी अधिकार कुण्ठित गर्ने यस प्रकारको घटनाको महासंघ विरोध र भर्त्सना गर्दछ । महासंघ दोषीमाथि कानुनी कारबाही गर्न र प्रेस स्वतन्त्रताविरोधी घटना दोहोरिन नदिन सम्बन्धित पक्षसँग माग गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/६/२०

## प्रेस विज्ञप्ति

गैरआवासीय नेपाली संघ (एनआरएनए) युके र नेपाल पत्रकार महासंघ युके शाखाद्वारा संयुक्त रुपमा स्थापित 'एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार-२०७४' पत्रकारद्वय होम कार्की (नेपाल) र नविन पोखरेल (बेलायत) लाई दिइने निर्णय भएको छ ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य संयोजक तथा पत्रकारद्वय बबिता बस्नेत र भगिरथ योगी सदस्य रहेको छनौट समितिले पत्रकार कार्की र पोखरेललाई संयुक्तरूपमा सो पुरस्कारका लागि छनौट गरेको हो । कान्तिपुर दैनिकमा आवद्ध कार्की लामो समयदेखि खाडी मुलुकमा नेपालीले भोग्नुपरेका समस्याका बारेमा रिपोर्टिङ गर्दै आएका छन् भने वीनेपाली डटकमका प्रधानसम्पादक पोखरेलले एक दशकदेखि बेलायतका नेपालीका बारेमा रिपोर्टिङ गर्दै आएका छन् ।

प्रवासी नेपालीका बारेमा निरन्तर समाचार सम्प्रेषण गर्ने एकजना नेपालभित्र र एक जना प्रवासका पत्रकारलाई हरेक दुई वर्षमा हुने एनआरएन विश्व सम्मेलनका अवसरमा सो पुरस्कार प्रदान गर्ने गरिन्छ । पुरस्कारको राशी १ लाख १ हजार रुपियाँ रहेको छ । यही अक्टोबर १४-१७ तारिखमा काठमाडौँमा हुने एनआरएनको आठौँ विश्व सम्मेलनमा सो पुरस्कार प्रदान गरिने छ ।

छनौट समितिको जिम्मा दिएकोमा नेपाल पत्रकार महासंघ एनआरएनप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/६/४

## प्रेस विज्ञप्ति

नागरिक दैनिकका रौतहट संवाददाता मदन ठाकुरमाथि भएको दुर्व्यवहारप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

रौतहट जिल्लाको गरुडा नगरपालिकास्थित गरुडा माध्यामिक विद्यालयमा मतगणनाबारे उत्पन्न विवादको समाचार संकलनका क्रममा प्रहरी प्रमुखले दुर्व्यवहार गर्दै केही समय मोबाइल फोन समेत नियन्त्रणमा लिएको पत्रकार ठाकुरको भनाइ छ ।

प्रेस स्वतन्त्रताप्रति प्रतिवद्ध रहेको स्मरण गराउँदै यस्ता क्रियाकलाप नगर्न र घटनाको वास्तविकता पत्ता लगाई दोषिमाथि कारवाही गर्न महासंघ सम्बन्धित पक्षसँग माग गर्दछ ।

...........................
शितलप्रसाद महतो
सचिव तथा निर्वाचन विशेष संयन्त्र संयोजक

मिति : २०७४/६/६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघकी सभासद् एवं 'नयाँ विद्रोह' साप्ताहिककी सम्पादक तथा प्रकाशक भावना प्रसाई 'विद्रोही' माथि असोज ४ गते भएको आक्रमणको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ। बुधबार राति करिव ८:३० बजेतिर बागबजारमा भएको आक्रमणबाट पत्रकार विद्रोहीको नाक र टाउकोमा गहिरो चोट लागेको छ ।

पत्रकार विद्रोहीको वीर अस्पतालको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । घाइते पत्रकार विद्रोहीको स्वास्थ्यलाभको कामना गर्दै महासंघ पत्रकार आक्रमणको भर्त्सना गर्दै दोषिमाथि कारबाही गर्न र पत्रकारको सुरक्षामा गम्भीर बन्न सम्बन्धित निकायसँग माग गर्दछ ।

.................
रमेश विष्ट
महासचिव

मिति : २०७४/६/८

## प्रेस विज्ञप्ति

आमसञ्चारको सशक्त माध्यमका रूपमा रहेका एफएम रेडियोको प्रसारण इजाजत, नवीकरण, समन्वय, अनुगमनलगायतका विषयलाई व्यवस्थित गर्न भनी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहबाट जारी हुने एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ को 'नमूना कार्यविधि' मन्त्रालयको वेबसाइटमा प्रकाशन गरेको विषयप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ स्थानीय तहलाई संविधानमा व्यवस्था भएबमोजिम अधिकार सम्पन्न बनाउने विषयलाई प्रोत्साहित गर्न चाहन्छ तर त्यस बाहनामा प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रयासको सशक्त प्रतिवाद गर्दछ । उक्त नमूना कार्यविधि संविधानसँग बाझिने, प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने र एफएम रेडियोलाई निरुत्साहित गर्ने खालको रहेकोले त्यस्ते कार्यविधि बनाउन स्थानीय तहलाई उक्साउने कार्य नगर्न मन्त्रालयलाई सचेत गराउँदछ । साथै, कुनै पनि स्थानीय तहले यस प्रकृतिको कार्यविधि जारी गरेमा त्यसको सशक्त प्रतिवाद गरिने पनि महासंघ स्पष्ट गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/६/८

## प्रेस विज्ञप्ति

जनता टेलिभिजन एवं स्थानीय सीएफएमका सप्तरी सम्वाददाता विद्यानन्द रामलाई समाचार संकलनको क्रममा सप्तरीका मुख्य निर्वाचन अधिकृत शारदाप्रसाद कोइरालाले दुर्व्यवहार गर्नुका साथै क्यामेरासमेत तोडफोड गरिएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

असोज ८ गते सप्तरी राजविराजस्थित जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा राजविराज नगरपालिकाको रोकिएको मतगणना सुचारु गराउने विषयमा आयोजित सर्वपक्षीय छलफलको समाचार संकलनका क्रममा पत्रकार रामलाई निर्वाचन अधिकृत कोइरालाले 'पत्रकारलाई प्रवेश निषेध छ किन छिरेको रु भनेर क्यामेरा खोसेर फाल्दै दुर्व्यवहार गरेका हुन् ।

नागरिकलाई सुसूचित गराउने जिम्मेवारी वहन गरिरहेका पत्रकारलाई समाचार संकलन गर्ने कार्यमा रोक लगाई दुर्व्यवहार गरिनु प्रेस स्वतन्त्रता विरोधी काम हो । महासंघ पत्रकारमाथि भएको दुर्व्यवहार र समाचार सामग्री तोडफोडको कडा भर्त्सना गर्दछ । र, घटनाको छानबिन गरी दोषीउपर कडा कारबाही गर्न र पत्रकारलाई सहज समाचार संकलनको वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/७/१

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ अछाम जिल्ला केन्द्रीय सभासद् यज्ञराज ढुंगानालाई प्रहरीले नियन्त्रणमा लिएर आक्रमण गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पीडित पत्रकार ढुंगानाका अनुसार असोज ३० गते राति करिब सवा ८ बजेतिर अछामको मंगलसेनस्थित मनकामना कटेज होटलमा साथीहरूसँग बसिरहेको अवस्थामा प्रहरी सहायक निरीक्षक पदम बुढामगरको नेतृत्वमा खटिएको प्रहरी टोलीले अपशब्द प्रयोग गर्दै आक्रमण गरी केही समय नियन्त्रणमा लिएका थिए । आक्रमणका कारण उहाँको टाउको तथा आँखाको डिलमा चोट लागेको छ ।

पत्रकारमाथि हुने हरेक घटनाको विरोध गर्दै घटनाको सत्यतथ्य छानविन गरी दोषीमाथि कारबाही गर्न सम्बन्धित पक्षसँग महासंघ आग्रह गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/६/२२

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ कालिकोटका सभासद् अर्जुनप्रसाद भट्टराईमाथि आक्रमण भएको घटनाप्रति नेपाल पत्रकर महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ कालिकोट शाखाकाअनुसार पत्रकार भट्टराईलाई यही असोज २० गते स्थानीय ३ जना युवाले कालिकोटको मान्मस्थित पुरानो बसपार्क नजिक आक्रमण गरी घाइते बनाएका थिए । घाइते पत्रकार भट्टराईको जिल्ला अस्पताल मान्ममा उपचार हुन नसकेपछि हाल मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ ।

नागरिकलाई सुसूचित गराउने जिम्मेवारी वहन गर्ने पत्रकारमाथि भएको यो आक्रमणको महासंघ भर्त्सना गर्दै घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरी पत्रकारलाई स्वतन्त्र र निर्भिकताकासाथ पत्रकारिता गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँद छ ।

..................
रमेश विष्ट
महासचिव

**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org